**प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२**

प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्डको तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ७ मा संशोधनः** प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ (यस पछि "मूल मापदण्ड" भनिएको) को,-

दफा ७ को उपदफा (१) मा रहेको "दफा ४ को उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (२)" भन्ने शब्दहरु राखिएको छ।

३. **मूल मापदण्डको दफा ८ मा संशोधनः** दफा ८ को उपदफा (२) मा रहेको "ठेक्का सम्झौता नभएमा" भन्ने शब्दहरुको सट्टा "ठेक्का सूचना प्रकाशन नभएमा" भन्ने शब्दहरु राखिएका छन्।